# मिति २०८२/०२/३० गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

## निर्णय नं. १

अव्यवस्थित बसोबासी व्यवस्थापन प्रयोजन को लागि वार्ड न. १ स्थित (नक्शा सिट संख्या १९ मा समाबेस) परिवारमुलीको नापजाँच सम्पन्न भई कायम हुन आएको कित्ताहरुको हकमा जारि गर्नु पर्ने सात (७) दिने हकदाबी सम्बन्धि सूचना १ न. वार्ड कार्यालय बाट प्रकाशित भएकोले भुमि सम्बन्धि ऐन ,२०२१ को दफा ५२ उपदफा (४) र भुमि सम्बन्धि नियम २०२१ को नियम ४१ ख उपनियम (४) मा उल्लेखित जग्गा बाहेकका अन्य जग्गामा कम्तिमा १० वर्ष देखि बसोबास / आवाद कमोद गरेका परिवारहरुको निवेदन विवरण र तथ्यांक सहित स्वीकृतिका लागि श्री भुमि समस्या समाधान आयोग, रुपन्देही लाई सिफारिस गर्ने निर्णय गरियो ।

## निर्णय नं. २

*भूमिहीन दलित,भूमिहीन सुकुम्बासी व्यवस्थापन प्रयोजनको लागि तपशिल परिवारमुलीहरु को १ न.* वडा कार्यालयबाट प्रमाणीकरण गर्ने कार्य सम्पन्न भई भूमिहीन दलित,भूमिहीन सुकुम्बासीको रुपमा पेश भएका निवेदनहरुको व्यक्ति र जग्गा माथि छानबिन गर्दा देहाय बमोजिम परिवारको स्वामित्व नेपाल राज्य भित्र जग्गा नभएको आफ्नो परिवारको आयआर्जन ,स्रोत वा प्रयास बाट जग्गाको प्रबन्ध गर्न असमर्थ रहेकोले निजहरुको विवरण र तथ्यांक सहित स्वीकृतिका लागि श्री भुमि समस्या समाधान आयोग, रुपन्देही लाई सिफारिस गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३

भूमिहीन दलित,भूमिहीन सुकुम्बासी बसोबासी व्यवस्थापन प्रयोजन को लागि वडा नं. १ स्थित तपशिल भूमिहीन दलित र भूमिहीन सुकुम्बासी परिवारमुलीको १ न. वार्ड कार्यालय बाटप्रमाणिकरण गर्ने कार्य सम्पन्न भएकोले भूमिहीन दलित ,भूमिहीन सुकुम्बासी बसोबसिको को रुपमा पेश भएका निवेदनहरुको व्यक्ति र जग्गा माथि छानबिन गर्दा निज र परिवारको स्वामित्व नेपाल राज्य भित्र जग्गा नभएको आफ्नो परिवारको आयआर्जन ,स्रोत वा प्रयास बाट जग्गाको प्रबन्ध गर्न असमर्थ

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणीन्द्र प्रसाद शर्मा
नगर प्रमुख

रहेकोले निजहरुको विवरण र तथ्यांक सहित जग्गामा लाग्ने राजश्व छुटको सूचना प्रकाशनको लागि श्री भुमि समस्या समाधान आयोग, रुपन्देही लाई सिफारिस गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

भुमि व्यवस्थापनमा खटिएका आयोगका कर्मचारीलाई शूरु तलब को ३०% ले हुने असाढ महिनाको प्रोत्सहन भत्ता भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित वसोवास व्यवस्थापन शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ५

भूमि समस्या समाधान आयोग, रुपन्देही लाई भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित वसोवास व्यवस्थापन अन्तर्गत मसलन्द तथा कार्यालय सामाग्री खर्च शिर्षक बाट कम्प्यूटर खरिद तथा एक थान कम्प्यूटर खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ६

सैनामैना नगरपालिकामा सञ्चालित दूधराक्ष स्वास्थ्य चौकीलाई आलुमिनियमको ढोका तथा बच्चा तौल्ने स्टेण्ड बनाउन र सैनामैना नगर अस्पतालको स्तनपान कक्ष पार्टेशन गर्दा लागेको खर्च रु ७५१०० मर्मत सम्भार कोष शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ७

सैनामैना नगरपालिका वडा नं. १ बमाहा खोला सिंचाई कुलो र बाँध मर्मतको लागि मागमा आधारित पूर्वाधार निर्माण शिर्षकबाट रु ३३४०००। विनियोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ८

सैनामैना नगरपालिका वडा नं. ६ मा अपाङ्ग पूनस्थापना केन्द्र पुरानो भवन मर्मतको लागि मागमा आधारित पूर्वाधार निर्माण शिर्षकबाट रु १३००००। विनियोजन गर्ने निर्णय गरियो ।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

## मिति २०८२/०२/३० गतेको नगर कार्यपालिकाको बैठका निर्णयहरु

### निर्णय नं. ९

सैनामैना नगरपालिका वडा नं. ६ मा सञ्चालित दुधराक्ष स्वास्थ्य चौकीको शौचालय मर्मत गर्न मर्मत सम्भार कोषबाट रु १०२६६७।११ विनियोजन गर्ने निर्णय गरियो ।

### निर्णय नं.१०

सैनामैना नगरपालिका वडा नं. ६ सुखौरामा विपद व्यवस्थानपको लागि ईंगुरिया नदीमा च्यानलाइज गर्न रु १३३०००। विपद व्यवस्थापन कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

### निर्णय नं. ११

सैनामैना नगरपालिकाका विभिन्न वडामा आकस्मिक सडक मर्मत कार्यको लागि मर्मत सम्भार कोषबाट रु २२००००। र वडा नं. ९ को फोहोरमैला व्यवस्थापन पहुँचमार्ग मर्मतको लागि रु ६१०००। मागमा आधारित पूर्वाधार निर्माण शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

### निर्णय नं. १२

सैनामैना नगरपालिका वडा नं. १० मा रहेको चार सय पथमा सडक स्तरउन्नतीको लागि रु १०००००। मागमा आधारित पूर्वाधार निर्माण शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख